## बैठक संख्या ५

आज मिति २०८१/०६/३० गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CamScanner

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या ५/२०८१/०८२ मिति २०८१/०६/३० गते

**प्रस्ताव नं. १:-औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. १** :-प्रस्ताव नं.१ माथि छलफल हुँदा मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार बाफत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८ बमोजिम असोज मसान्तसम्म मासिक औषधी उपचार खर्च पाउँ भनि निवेदन दर्ता हुन आएका देहायका विरामीलाई नियमानुसार औषधी उपचार खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क्र.सं. | नाम थर | उमेर | लिङ्ग | ठेगाना | रोगको किसिम | कै. |
|---|---|---|---|---|---|---|
| १. | यज्ञ राज राना | २ | पुरुष | बेलडाँडी ५ | क्यान्सर | |
| २. | कमली चौधरी | ५८ | महिला | बेलडाँडी ३ | क्यान्सर | |
| ३. | सुर्मा चन्द | ६६ | महिला | बेलडाँडी २ | क्यान्सर | |
| ४. | पुष्पाछ देवी भट्ट | ५२ | महिला | बेलडाँडी २ | क्यान्सर | |

**पस्ताव नं. २:- वडा कार्यालय भवन निर्माणमा पालिकाबाट रकम व्यहोर्ने गरि ल.ई.रकम बराबरको बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** :-प्रस्ताव नं.१ माथि छलफल हुँदा चालु आ.व. २०८१/०८२ को प्रदेश सम्पूरक अनुदान योजना अन्तर्गत यस गा.पा. को वडा नं. २ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि देहायको कूल रकम विनियोजन गरिएकोमा तत् तत् वडा कार्यालय भवनको भूँईतला सम्पन्न गर्नेगरि निर्माण गर्न देहायको लागत अनुमान (भ्याट र कन्टेन्जेन्सी सहित) पेश हुन आएकोमा उक्त विनियोजित रकममा देहायको रकम पालिकाबाट व्यहोर्ने गरि ल.ई. रकम बराबरको बोलपत्र आह्वान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क सं. | वडा कार्यालय भवन | प्रदेश सम्पुरक अनुदान रकम रु | ग.पा. अनुदान रकम रु. | कूल अनुदान रकम रु. | पेश हुन आएको लागत ईष्टिमेट (ल.ई.) रकम रु. | ग.पा.बाट व्यहोर्नु पर्ने रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २ नं. वडा कार्यालय भवन | ३४५०००० | ३४५०००० | ६९००००० | १०१९२४७३.६६ | ३२९२४७३.६६ | |
| २. | ५ नं. वडा कार्यालय भवन | ३४५०००० | ३४५०००० | ६९००००० | १०३३५८८९.८८ | ३४३५८८९.८८ | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. ३:- सम्मान स्वरुप रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ३** :-:प्रस्ताव नं.३ माथि छलफल हुँदा कृष्ण जन्माष्टमी पर्वको पावन अवसरमा यस पालिकामा कृष्णमहिमा कथा वाचक गुरु कृष्ण दमाईलाई सम्मान स्वरुप रु.३१०००/-(एकतिस हजार) निवेदनका आधारमा रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ४:- थप पारिश्रमिक रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ४** :-:प्रस्ताव नं.४ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा करारमा नियुक्त हुनु भएका मेडिकल अधिकृत पदका डा. गोपाल रावतलाई निजले नियमानुसार पाउने त.भ. का अतिरिक्त २०८१ साल आश्विन १ गतेदेखि लागू हुनेगरि मासिक रु.३५०००/- (पैतिस हजार) थप पारिश्रमिक रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.५:- खर्च भएको रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ५** :-:प्रस्ताव नं.५ माथि छलफल हुँदा मिति २०८१ साल असार २४ गते परेको अविरल वर्षको कारणबाट यस पालिका क्षेत्रभित्र भएको जनधन, पशुचौपाया, अन्नपात, वालीनाली, घरखेत लगायतको क्षती सम्बन्धी अनुगमन सहित तथ्याङ्क संकलनमा खटिएका कर्मचारी तथा पदाधिकारीको खाना र खाजामा भएको खर्च रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.६:- कार्यविधी संशोधन गरि स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६** :-:प्रस्ताव नं.६ माथि छलफल हुँदा यस गाउँपालिकाको देहायको कार्यविधी संशोधन गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

बेलडाँडी गाउँपालिका खेलकूद संचालन तथा व्यवस्थापन कार्यविधी, २०८१

(प्रथम संशोधन,२०८१)

**प्रस्ताव नं.७:- निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४** :-:प्रस्ताव नं.४ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ३ नं. वडा कार्यालयको वडा समितिको मिति २०८१/०५/०५ गतेको वाखा खोर सुधार कार्यकैम सम्बन्धमा भएको निर्णय, सहयोग सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८:- रा.प.प. वितरण कार्यमा खटिएकालाई थप सुविधा उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ८** :-:प्रस्ताव नं.८ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत विभिन्न वडाका आम नागरिकहरुको राष्ट्रिय परिचय पत्र वितरण कार्यमा खटिएका देहायका कर्मचारीहरुलाई रा.प.प. वितरण कार्यक्रम शुरु भएदेखि कार्यक्रम अवधिसम्मको लागि देहायको शिर्षकबाट सार्वजनिक विदा बाहेक काम गरेको दिनको प्रतिदिन देहाय बमोजिम थप सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय.-

| क्र.सं. | नम थर | पद | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सन्तोष प्रशाद उपाध्याय | सूचना प्रविधि अधिकृत | ३०० प्रतिदिन | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | नम थर | पद | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ~~सन्तोष प्रशाद उपाध्याय~~ | ~~सूचना प्रविधि अधिकृत~~ | ~~३००~~ | |
| २ | राजेश कुमार चौधरी | एम.आई.एस. अप्रेटर | ३०० | |
| ३. | जनक राज जैशी | लगत प्रविष्टिकर्ता | ३०० | |
| ४. | हेमराज रेग्मी जोशी | अधिकृत छैठौं | ३०० (तिनसय) | |
| ५. | पुरुषोत्तम जोशी | सहायक पाँचौं | ३०० ( " ) | |
| ६. | विपना चौधरी | उद्यम विकास सहजकर्ता | २०० | |
| ७. | पवित्रा भट्ट | उद्यम विकास सहजकर्ता | २०० | |
| ८. | बसमती राना | फिल्ड सहायक | २०० | |
| ९. | पुष्पा बुढा | कार्यालय सहयोगि | १५० | |
| १०. | गोमा चौधरी | कार्यालय सहयोगि | १५० | |

विर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत